# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, जेठ ५ गते २०३४ साल [अतिरिक्ताङ्क ११

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ ख को उप–धारा ४ बमोजिम देहायका नियमहरू बनाइबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति (पहिलो संशोधन) नियमावली, २०३४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को उप–नियम (२) पछि देहायबमोजिमको उप–नियम (३) थप गरिएको छः–

"(३) यस नियममा जेसुकै लेखिएको भए तापनि श्री ५ बाट उपयुक्त सम्झिबक्सेमा केन्द्रीय समितिमा प्रधानमन्त्री वा मन्त्री र राष्ट्रिय पञ्चायतका अध्यक्षलाई पदेन सदस्य तोक्न सकिबक्सनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

३. <u>मूल नियमावलीको नियम ५ मा संशोधनः</u> मूल नियमावलीको नियम ५ को उप-नियम (१) को सट्टा देहायबमोजिमको उप–नियम (१) राखिएको छः–

"(१) नियम ६ को अधीनमा रही पदेन सस्यहरू बाहेक सदस्यहरूको पदावधि सामान्यतः ४ वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।"

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u> मूल नियमावलीको नियम ६ को खण्ड (घ) पछि देहायबमोजिमको खण्ड (ङ), (च) र (छ) राखिएको छः–

"(ङ) पदावधि समाप्त भएमा,

(च) आचार संहिता उलंघन गरे बापत सदस्यबाट हटाइएमा, वा

(छ) नियम ३ को उप-नियम (३) अनुसार तोकिएका पदेन सदस्य आपनो पदमा नरहेमा ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।